# गाँउ कार्यपालिकाको कार्यालय

**बिष्णुपुर (सप्तरी)**
**२ नं. प्रदेश नेपाल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
**(प्रथम पटक प्रकाशन मिति : (२०७५/११/१६ गते )**

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेख निर्माण कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रित पूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं (मिति २०७५/११/३०) गते दिन सम्म दरभाउपत्र फारम यस कार्यलयमा सम्बन्धित आपूति कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायि दर्ताको प्रमाणित इजाजत प्रत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र, मूल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र, स्थाई लेख नम्वर (PAN) प्रमाणिति प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त (Authorization Letter) को प्रमाणित प्रतिलिपि नियमानुसारको दरभाउपत्र दस्तुर रु १००० (पछि फिर्ता नहुनेगरी) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ।

३) खरित गरीएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्टरुपमा भरी प्रत्येक पानामा सहि छाँप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिन मिति २०७५/१२/०१ गतेको दिनको १२ बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिने छ।

४) दरभाउपत्र फारम साथ जमानत बापतको रकम यस कार्यालयको नाममा राजविराज स्थित राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा रहेको धरौटि खाता च.हि.नं. २१८०३०३००७११२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारि भएको कम्तीमा १२० दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नुपर्ने छ। यसरी पेश गरीने जमानत बापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइने छ।

५) दर्ताहुन आएका शिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा १६ औं दिन मिति २०७५/१२/०१ गतेको २ बजे खोलिने छ। तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोलन बाधापर्ने छैन्। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

६) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन्। दरभाउपत्रमा प्रत्येक आइटम दर रेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

७) दरभाउपत्र सम्बन्धि अन्य सर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुने छन्।

८) दरभाउपत्र सम्बन्धि सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ।

९) अन्य कार्यबिधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) सार्वजनिक खरिद नियमावलि २०६४ ( संशोधित) तथा अन्य प्रचलित ऐन र नियम अनुसार हुने छन्।

१०) दरभाउपत्र सम्बन्धि थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्ने सकिने छ।

११) काम गर्ने चाहने फर्म, कम्पनी वा संस्था यस कार्यालयमा सूचिकृति भएको हुनुपर्ने छ।

| दरभाउपत्र/ठेक्का नं. | सामान/निर्माणकार्यको नाम | आवश्यक संख्या | लागत अनुमान (भ्याट र कल्टिजेन्सी बाहेक) | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| ०१/२०७५/०७६ | विद्युतीकरण (तार पोल खरिद कार्य) | | १२८७६५८.९३ | १,०००/- | ६४३८२.९२ |

**प्रमुख प्रशासकिय अधिकृत**